# मंगला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बाबियाचौर, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- ०८३/८४
चलानी नं :-

(सूचना नं. ०७)

## भू-उपयोग क्षेत्र वर्गिकरण सम्बन्धी सूचना
(सूचना प्रकाशन मिति: २०८३/०४/१९)

प्रस्तुत विषयमा यस मंगला गाउँपालिका भू-उपयोग वर्गिकरण योजना बमोजिम नापी विभागसँगको सहकार्यमा मंगला गाउँपालिका भित्रका जग्गाको किसिम छुट्याई वर्गिकरण गरिएको कित्तागत विवरण गाउँपालिकाको वेबसाइटमा प्रकाशन गरी भू-उपयोग कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८१ को दफा (२८) उपदफा २ को प्रयोजनका लागि १५ दिने सार्वजनिक सूचना जारी गर्ने भनी मिति २०८३/०४/१५ को मंगला गाउँपालिका भू-उपयोग परिषद्को बैठकको निर्णयानुसार भू-उपयोग कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८१ को दफा २७ बमोजिम तयार भएको यस पालिकाको भू-उपयोग वर्गिकरणको कित्तागत विवरण गाउँपालिकाको Website / Google Drive मा प्रकाशन गरिएको छ । उक्त वर्गिकरणको कित्तागत विवरणमा कोही कसैको चित्त नबुझेमा वा फेरबदल भएमा वा कित्ता वर्गिकरण गर्न छुटेमा निर्देशिकाको दफा (२८) को उपदफा २ मा व्यवस्था भए अनुसार सम्बन्धित जग्गाधनी वा सरोकारवालाले यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र वडा कार्यालय तथा यस पालिकाको भू-उपयोग परिषद् समक्ष यस सूचना साथ संलग्न ढाँचामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कित्तागत विवरण हेर्न तलको QR कोड Scan गर्नुहोस् ।**

अमृत दाहाल
प्रमुख प्रशासकीय अधिकृत

मितिः

श्री मंगला गाउँपालिका
स्थानीय भू-उपयोग परिषद्,
बाबियाचौर, म्याग्दी ।

विषयः भू-उपयोग क्षेत्र छुट भएको वा परिवर्तन गरि पाऊँ ।

महोदय,

मेरो/हाम्रो हक भोगमा रहेको साविक ............................ गा.वि.स. वडा नं. ....... स्थित कित्ता नं. .................... को जग्गा तहाँ परिषद् बाट मिति ............................. गते प्रकाशित सूचना अनुसार ............................................ क्षेत्रमा वर्गिकरण भएको/वर्गिकरण गर्न छुटेकोले देहायको क्षेत्रमा परिवर्तन गर्न आवश्यक भएको हुँदा तपसिलका अतिरिक्त आवश्यक प्रमाण तथा कागजात सहित परिवर्तन गरिदिनुहुन यो निवेदन पेश गरेको छु ।

देहाय

| क्र.सं. | साविकको गा.वि.स./वडा नं. | कित्ता नं. | हाल वर्गिकरण भएको क्षेत्र | वर्गिकरण हुनुपर्ने क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |

निवेदकको:
दस्तखतः
नाम थरः
संस्था भए दर्ता प्रमाणपत्र नं.:
व्यक्ति भए नागरिकता प्रमाणपत्र नं.:
ठेगानाः

तपसिल

१. नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
२. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी
३. नापी नक्साको प्रतिलिपी ।